नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

चलानी नं. : ३९५

पत्र संख्या : ०७७/०७८

मितिः- २०७७/११/२५

**विषय : प्र.म.रो.का. को गत आ.व.२०७६।७७ को भौतिक र वित्तीय प्रगति प्रविष्ट सम्वन्धमा ।**

श्री स्थानीय तह,
सवै ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. २७८ मिति २०७७।११।१६ को पत्रबाट प्रधानमन्त्री रोगजार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८८ (२) र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा २२ बमोजिम गाउँपालिका तथा नगरपालिकाले रोजगार आयोजनाको लागत खर्च, श्रमिकहरुको रोजगारीको दिन तथा भुक्तानीको अद्यावधिक विवरण लगायत भौतिक र वितीय प्रगतिहरु नियमित रुपमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्टि गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७६।०७७ को भौतिक र वितीय प्रगति हालसम्म EMIS मा प्रविष्ट नगर्ने २०६ वटा गाउँपालिका तथा नगरपालिकाहरुले अविलम्व विवरण अद्यावधिक गरी गराई प्रविष्टि गराउने आवश्यक व्यवस्था हुन सचिवस्तरीय निर्णयानुसार लेखी आएकोले हालसम्म उपरोक्त बमोजिमको विवरण प्रविष्टि नगरेका स्थानीय तहहरुले यथाशीघ्र विवरण प्रविष्टि गर्ने व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ ।

(द्रोणराज निरौला)
**शाखा अधिकृत**

वोधार्थः
श्री श्रम रोगजार तथा सामाजिक सुरक्षा मन्त्रालय,
प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरवार, काठमाण्डौ ।
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।